मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

## हरितालिका (तीज), २०८० को शुभकामना सन्देश

नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

हरितालिका तीज एक सनातन सांस्कृतिक पर्वको रुपमा नेपाली महिलाहरुले मनाउँदै आउनुभएको छ । यस पर्वमा महिलाहरुले भगवान् शिव पार्वतीको पूजा आराधना गर्दै परिवारको सुख, स्वास्थ्य र दिर्घायुको कामना सहित उपवास बस्नाले मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको छ ।

हरितालिका तीजको मौलिकतालाई कायम राख्दै सांस्कृतिक महत्वको जगेर्नामा मद्धत पुग्ने गरी पर्व मनाउन सबैसँग अनुरोध गर्दछु । पछिल्लो समय चाडपर्वका नाममा देखिने गरेको भड्किलोपन र खर्चिलोपनलाई हटाउँदै धार्मिक, सांस्कृतिक महत्वमा केन्द्रित हुनुपर्ने आवश्यकता छ । समाजलाई भावनात्मक एकताको शुत्रमा बाध्ने, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्ने, सामाजिक, धार्मिक परम्परालाई दिगो बनाउने गरी तीज मनाउन प्रदेश सरकारको तर्फबाट अपिल गर्दछु ।

अन्त्यमा, हरितालिका तीजले समाजमा विद्यमान विभेद र सबै प्रकारका असमानताहरुको अन्त्य गर्दै समतामूलक समाज निर्माणमा सबैलाई प्रेरित गर्न सकोस भन्ने शुभेच्छा सहित पुन एक पटक हरितालिका तीजको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

मिति: २०८० असोज १ गते

........................
सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री